जगन्नाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जुड्डी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

# जगन्नाथ गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खा.स.स्व.) योजना निर्माणका लागि कार्यक्षेत्रगत शर्तहरु

## (Terms of Reference)

नि.प्रमुख प्रशासकीय अधिकृत

# बिषय-सुची


१. पृष्ठभूमि (**Background**)............................................................3
२. उदेश्य............................................................4
३. कार्यक्षेत्रको दायरा............................................................4
४. वास योजना तयारीका चरणहरु............................................................6
५. बिधि............................................................6
६. वास, लैंगिक समानता, अपांगता तथा सामाजिक समाबेशीकरण सम्बन्धि तथ्यांकहरु............................................................7
७. योजना तर्जुमा............................................................7
८. अपेक्षित नतिजा............................................................7
९. टीम परिचालन............................................................8
१०. मुल्यांकनका आधारहरु (मापदण्ड)............................................................12
११. कार्य अवधिः............................................................13
१२. कार्यप्रगतिको अनुगमन तथा सुपरिबेक्षणः............................................................13
१३. बिभिन्न पक्षको भूमिका र जिम्मेवारी............................................................14
१४. प्रस्तावनामा समाबेश हुनुपर्ने बिषयबस्तुहरु............................................................14
१५. प्रतिबेदन............................................................15
१६. बजेट तथा भुक्तानी प्रक्रिया............................................................15


नि.प्रमुख प्रशासकीय अधिकृत

## १. पृष्ठभूमि (Background)

खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सामुदायिक र व्यक्तिगत विकासको एउटा महत्वपूर्ण सम्भागको रुपमा रहेको छ । नेपालको संविधानले आधारभूत स्तरको खानेपानी र सरसफाइ सुविधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ। हालका दिनमा सरसफाइको दायरा फराकिलो भइ प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रुपमा विस्तारित भई सरसफाइलाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा लिन थालिएको छ। नेपालको संविधान २०७२ धारा ३५ (४) ले सुरक्षित खानेपानी र सरसफाइमा सबैको पहुँचको अधिकार र धारा ३०(१) ले स्वच्छ र स्वस्थ वातावरणमा बस्न पाउने अधिकारको सुनिश्चितताका लागि संबैधानिक ब्यबस्था गरेको छ।

पछिल्लो दशकमा नेपालले खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा उल्लेखनीय उपलब्धि हाँसिल गरेको छ।नेपालमा सरसफाइको क्षेत्रमा सन् २०११ मा राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको निर्माण गरि कार्यान्वयन पश्चात सरसफाइको क्षेत्र (चर्पी निर्माण र प्रयोग) मा उल्लेखनीय उपलब्धि हाँसिल भएको थियो, जसको फलस्वरूप ३० सेप्टेम्बर, २०१९ मा नेपाल खुल्ला दिशामुक्त राष्ट्रको रुपमा घोषणा भई हाल पूर्ण सरसफाइ तर्फ अग्रसर रहेको छ।

नेपालले पनि दिगो विकास लक्ष्य ( २०१६-२०३०) प्राप्तिका लागि प्रतिबद्धता जनाएको हुँदा सन् २०३० सम्ममा कूल जनसंख्याको ९९% जनसंख्याको सुरक्षित आधारभूत खानेपानीमा पहुँच पुरयाउने र सतप्रतिशत घरधरी र जनसंख्याको सुरक्षित शौचालयमा पहुँच पुरयाउने लक्ष लिएको छ।नेपालको संविधान २०७२ को कार्यान्वयन पश्चात नेपाल सघीय गणतान्त्रिक मुलुकको रुपमा रहेको छ र राज्यको पुर्नसंरचना मार्फत ३ तहका सरकारमा (संघीय, प्रदेश र स्थानीय) परिणत भएको छ।नेपालको संविधानले अनुसूची ५,६,७,८ र ९ मार्फत तीनवटै तहका सरकारहरुलाई सांझा र एकल अधिकारहरुका रुपमा जिम्मेवारी र शक्ति बांडफांड गरेको छ। संविधानको अनुसूची-८ मा स्थानीय सरकारका २२ वटा एकल अधिकार सूची र अनुसूचि-९ मा सघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची उल्लेख गरिएका छन् र सोहि अनुसार स्थानीय सरकारहरुलाई आफ्नो क्षेत्रभित्र रहेका सतप्रतिशत घरधुरी/जनसंख्यामा खानेपानी, सरसफाइको पहुँच पुरयाउने र त्यसका लागि आवश्यक ऐन, नीति, नियमावली र योजना तयार गरि लागु गर्नुपर्ने रहेको छ।

यसै सन्धर्भमा सुदुरपश्चिम प्रदेश अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयले पनि यस आर्थिक बर्ष २०८०/०८१ मा ईच्छुक नगर/गाउँपालिकाहरुको पालिका स्तरीय खानेपानी, सरसफाइ तथा

स्वच्छता (खा.स.स्व. योजना) योजना निर्माणका लागि गाउँ/नगरपालिकाहरुसंगको साँझेदारीमा खा.स.स्व. योजना निर्माणका लागि सुदुरपस्चिम प्रदेशका १६ वटा गाउँ/नगरपालिकाहरुसंग समझदारी-पत्रमा हस्ताक्षर गरेको छ।

यस जगन्नाथ गाउँपालिकाको क्षेत्रभित्र पनि ..... वटा विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरु रहेको र ति योजनाहरुबाट कूल जनसंख्याको ......... प्रतिशत जनसंख्या लाभान्वित भैरहेका छन भने बाकि ..... प्रतिशत जनसंख्यालाई आगामी आर्थिक बर्षमा सुरक्षित खानेपानी उपलब्ध गराउन खानेपानी, सरसफाइ तथा स्वच्छता (खा.स.स्व.) योजना तयार गर्नका लागि यो कार्यगत शर्तहरु (Terms of Reference) तयार गरिएको हो।

## २. उद्धेश्य

यस कार्यक्षेत्रगत शर्तको विशिष्ट उदेश्य ***"जगन्नाथ गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खा.स.स्व.) योजना निर्माण गरि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि तथ्यांकहरु ब्यबस्थित गर्नु"*** रहेको छ भने सहायक उदेश्यहरु निम्न अनुसार रहेका छन।


- जगन्नाथ गाउँपालिकाको क्षेत्रभित्र रहेका खानेपानीका श्रोतहरु, बिद्ममान खानेपानी योजनाहरु, घरधुरी संख्या, सामुदायिक तथा संस्थागत खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था सम्बन्धि तथ्यांकहरु NWASH एप्लिकेशनमा प्रविष्ट गर्ने ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सम्बन्धि तथ्यांकहरुलाई बहुक्षेत्रहरु जस्तै; शिक्षा, स्वास्थ्य, पोषणसंग एकिकृत गर्ने ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा अपांगता भएका मानिसहरु, सामाजिक बहिष्करणमा परेका, बिपन्न, तथा लैंगिक सवालहरुको विश्लेषण गरि मैत्री बातावरणको विकास गर्ने ।
- जगन्नाथ गाउँपालिका भित्र हालको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सम्बन्धि आधारभूत तथ्यांक सर्वेक्षण गरि आगामी बर्षहरुमा क्षेत्रगत सुधारका लागि बेन्चमार्क तयार गर्ने ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना निर्माण गरि आगामी आ.व.हरुमा पालिकाबाट लगानी गर्न वा दातृ निकायहरुको खोजिकार्यलाई सहज गर्ने।

## ३. कार्यक्षेत्रको दायरा


यस कार्यक्षेत्रगत शर्तहरुको दायरा NWASH एप्लिकेशनको प्रयोग मार्फत जगन्नाथ गाउँपालिकाका तथ्यांकहरु संकलन गरि पालिकास्तरमा वास सम्बन्धि ब्यबस्थित तथ्यांक विकास गर्ने रहेको छ।वास क्षेत्रका निम्न अनुसारका तथ्यांकहरु संकलन गर्नुपर्ने छ। बढी जनसंख्या र योजना भएको अवस्थमा हाल प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयबाट प्राप्त बजेट र यस पालिकाले

साँझेदारी गर्ने बजेटबाट कति क्रियाकलापहरु सम्पन्न गर्न सकिन्छ सोको यकिन गरि यस आर्थिक बर्षका लागि क्रियाकलापहरु निर्धारण गरिने छन।

- खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको पहुँच नपुगेका टोल, घरधुरी र जनसंख्याको पहिचान गर्ने ।
- विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) प्रणाली/सेवाबाट छुटेका वा बिमुख जनसंख्याको पहिचान गर्ने ।
- विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) प्रणालीहरु बिग्रेको/भत्केको वा सुचारु नरहेको अवस्थामा सेवाबिमुख घरधुरी तथा जनसंख्या विवरण संकलन गर्ने।
- निर्माणाधीन योजना र त्यसबाट लाभान्वित हुने घरधुरी र जनसंख्या विवरण संकलन गर्ने।
- विद्यमान खानेपानीको गुणस्तर परिक्षण गर्ने, ( नमुना घरधुरीको मात्रै)- नमुना घरधुरी छनौट गर्दा सबै वडाबाट प्रतिनिधित्व हुनेगरी अनुपातिक हिसाबले छनौट गर्ने ।
- सरसफाइ तथा स्वच्छता सम्बन्धि तथ्यांकहरु संकलन गर्दा घरायसी, सामुदायिक र संस्थागत सरसफाइका, ढल निकास, ठोस तथा तरल फोहोरको ब्यवस्थापन आदि सम्बन्धि तथ्यांकहरु प्रविष्ट गर्ने ।
- टोल, वडा र पालिका स्तरीय तालिम/गोष्ठी/अन्तरक्रियाहरुमा सहजीकरण गर्ने।




चित्र-१: खा.स.स्व. योजना तयारीका चरणहरु




नि.प्रमुख प्रशासकीय अधिकृत

➢ वास योजनाको प्रस्तुतीकरण, परिमार्जन र अन्तिम प्रतिबेदन तयार गरि गाउँकार्यपालिकामा पेश गर्ने र

माथिका तथ्यांकहरु संकलन गर्दा अनिवार्य रुपमा फोटो, जीपिएस लोकेशनहरु लिई सिस्टममा अपलोड गर्नुपर्ने छ।

## ४. वास योजना तयारीका चरणहरु

### (क) प्रारम्भिक चरण (तयारी चरण)

- परामर्शदाता संस्था छनौट तथा सम्झौता
- स्थानीय तहमा taskforce (कार्यदल) गठन र focal personको नियुक्त/जिम्वेवारी तोक्ने
- पालिका स्तरीय परामर्श तथा खासस्व योजना आरम्भ कार्यशाला (Inception workshop) गोष्ठी

### (ख) फिल्डवर्क (कार्यस्थल परिचालन), सर्वेक्षण र तथ्याङ्क संकलन चरण

- सर्वेक्षण/सूचना तथा तथ्याङ्कहरु संकलन (प्राविधिक सर्वेक्षण र वडा स्तरीय छलफल)
- संकलित सूचना र तथ्याङ्कहरुको पुनरावलोकन (review)
- तथ्याङ्कहरुको संहिता (compilation) र प्रारम्भिक फिल्ड प्रतिवेदन तयार

### (ग) योजना तर्जुमा प्रतिवेदन र प्रमाणीकरण चरण


- फिल्ड रिपोर्टको प्रस्तुतीकरण
- मस्यौदा (Draft) खासस्व योजनाको निर्माण
- मस्यौदा खासस्व योजनाको प्रस्तुति
- वास प्लानको अन्तिम प्रतिवेदन प्रस्तुति

नगर कार्यपालिकावाट वास प्लान स्वीकृत तथा प्रमाणिकरण

## ५. बिधि

### क. तथ्यांक संकलन

खा.स.स्व. योजना तयारीका लागि नेपाल सरकार खानेपानी मन्त्रालय/खानेपानी तथा ढल ब्यबस्थापन बिभागबाट तयार गरिएको NWASH मोबाइल एप्लिकेशनबाट गर्नुपर्ने छ। उक्त एप्लिकेशन चित्र-२ मा देखाइए अनुसार प्रयोगकर्ताको एन्ड्रोइड मोबाइलमा डाउनलोड गरि सोहि




चित्र-२: NWASH मोबाइल एप्स

अनुसारका प्रश्नावलीहरुको आधारमा गर्नुपर्ने छ। लैंगिक, अपांगता, सामाजिक समाबेशीकरण सम्बन्धि तथ्यांकहरु लक्षित समुह छलफल (FGD) र मुख्य सूचनादाता (KII) हरुसंगको छलफल तथा अन्तर्वाताको माध्यमबाट गर्नुपर्ने छ। यसका साथै केहि आवश्यक तथ्यांकहरु जस्तै वडागत घरधुरी संख्या रास्ट्रिय जनगणना २०७८ बाट समेत लिनुपर्ने हुन्छ।

**ख. तथ्यांक विश्लेषण:**

मोबाइलबाट सबै आवश्यक सूचनाहरु संकलन गर्ने कार्य सम्पन्न पश्चात NWASH सफ्टवयरमा धेरैजसो तथ्यांकहरुको विशेषण आफै हुन्छ भने केहि सूचनाहरु जस्तै; लैंगिक विश्लेषण, आवस्यक बजेट आदिको विश्लेषण excel sheet मा डाउनलोड गरि गर्नुपर्ने छ।

## ६. वास, लैंगिक समानता, अपांगता तथा सामाजिक समाबेशीकरण सम्बन्धि तथ्यांकहरु

NWASH एप्लिकेशनको आधारमा लैंगिक समानता, अपांगता र जोखिममा परेका घरधुरीहरुको तथायंक लक्षित समुह छलफल, मुख्य सूचनादाता संगको अन्तर्वार्ताको माध्यमबाट गरिने छ र उक्त सूचनाहरुले महिनावारी स्वच्छता ब्यबस्थापन, महिलाहरुको कार्यबोझ, निर्णय प्रक्रियामा सहभागिता, तथा नेतृत्व आदि समट्नेछ। उक्त सूचनाहरु संकलनका लागि प्रत्येक वडाबाट १ वटा लक्षित समुह र १ जना मुख्य सूचनादाताहरुलाई छनौट गरि सूचना लिनुपर्ने छ।

## ७. योजना तर्जुमा

खानेपानी सरसफाइ तथा स्वच्छता (वास ) योजना निर्माण गर्दा Bottom-up योजना तर्जुमा प्रक्रियाको आधारमा गर्नुपर्ने छ। जसको लागि निम्न अनुसारको प्रक्रिया अपनाउनु पर्ने छ ।

- संकलन गरिएका तथ्यांकहरुको विश्लेषण गरि वडा स्तरीय योजना तर्जुमा गर्ने ।
- वडास्तरीय योजना तर्जुमाबाट प्राप्त तथ्यांकहरुको आधारमा पालिका स्तरीय योजना प्राथमिकीकरण कार्यशाला आयोजना गर्ने। उक्त कार्यशालाबाट पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको १० बर्षे परिकल्पना, ध्येय, लक्ष, उदेश्यहरु समेत तयार गर्न सहजीकरण गर्ने ।
- ड्राफ्ट वास योजना तयार गरि गाउँकार्यपालिकामा प्रस्तुतीकरण गर्ने र सुझाव संकलन गर्ने ।
- प्राप्त सुझावहरु वास योजनामा समाबेश गरि अन्तिम वास योजना तयार गरि गाउँकार्यपालिकामा पेश गर्ने ।

## ८. अपेक्षित नतिजा

- पालिकास्तरका खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सम्बन्धि तथ्यांकहरु नेशनल वास सफ्टवयरमा प्रविष्ट भएको हुनेछन ।

प्रमुख प्रशासकीय अधिकृत

➢ खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार भइ १ प्रति पालिकामा उपलब्ध भएको हुनेछ।

९. टीम परिचालन

| क्र.स. | परिचालन गरिने पद/संख्या | बांछित योग्यता | जिम्मेवारी |
|---|---|---|---|
| १ | टीम लिडर/१ जना | इन्जिनियरिंग/समाजशास्त्र/ग्रामिण विकास वा विकास ब्यबस्थापन/वातावरण विषयमा स्नातकोत्तर तह उतिर्ण गरि कम्तिमा ५ बर्ष वा स्नातक तह उत्तीर्ण गरि वास क्षेत्रमा कम्तिमा ७ बर्ष अनुभव र वास योजना निर्माण गरेको अनुभव भएको | • खासस्व योजना तर्जुमामा संलग्न हरेक विज्ञ, गणक वा व्यक्तिहरुको कार्य संपादन को प्रभावकारीता वढाउन पूर्ण जम्मेवारी वहन गर्ने ।<br>• पालिका स्तरको खासस्व योजनाको तर्जुमा गर्दा प्रयोग हुने NWASHMIS प्रयोग र संचालनका लागि सर्वेक्षक वा गणकहरुलाईलागि तालिम दिने<br>• सम्वन्धित पालिका, संघिय तथा प्रादेशिक सरोकारवाला निकाय, विकास साझेदार र खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था अनि समुदायसंग संपर्क, समन्वय र परामर्श गर्ने ।<br>• खासस्व योजनाको उद्धेश्य अनुरुप आवश्यक खासस्व सूचक, प्रश्नावली, जाँच सूची, सर्वेक्षण फाराम, प्रतिवेदन फाराम आदिको विकास र प्रयोग निम्ति छलफल, परामर्श र समन्वय गर्ने ।<br>• सम्वन्धित पालिका क्षेत्रभित्रको खानेपानी तथा सरसफाइ सम्वन्धि |

| | | | |
|---|---|---|---|
| | | | संरचनाहरुको प्राविधिक, सामाजिक, व्यवस्थापकिय र वातावरणीय पक्षमा सुचारुपन, प्रभावकारिता र दिगोपनको अवस्था पहिचान गर्ने ।<br>• खासस्वका आयोजनाहरुवाट सम्वन्धित उपभोक्ताहरुले के कस्ता फाइदाहरु प्राप्त गर्न सकेका छन सोको निक्र्योल गर्ने ।<br>• मौजुदा खासस्वका आयोजनाहरुको आधारमा सम्वन्धित पालिकाको खासस्व अवस्था पहिचान भइसकेपछि त्यसको विश्लेषण गरि प्राविधिक, सामाजिक, व्यवस्थापकिय र वातावरणीय पक्षवाट कारणहरु पहिचान गर्ने र सो का आधारमा नयाँ आयोजनाहरु तर्जुमा गर्न स्थानीय तहलाई सघाउने ।<br>• पालिका स्तरीय खासस्व सरोकारवालाहरुसंग आवश्यक समन्वय गर्ने । |
| २. | वास संयोजक/१ जना | इन्जिनियरिंग/समाजशास्त्र/ग्रामिण विकास वा विकास व्यबस्थापन/वातावरण विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरि वास क्षेत्रमा कम्तिमा ७ बर्ष अनुभव र वास योजना निर्माण गरेको अनुभव भएको | • पालिका खासस्व योजना तर्जुमाको क्रममाfieldwork मा रहने सर्वेक्षक/गणकहरुलाई सहयोग गर्ने; विशेष गरी सामजिक आर्थिक सर्वेक्षण र अध्ययनमा निजहरुलाई मार्गदर्शन गर्ने ।<br>• खासस्व योजनाको उद्धेश्य अनुरुप सामाजिक पक्षका |

| | | | |
|---|---|---|---|
| | | | आवश्यक खासस्व सूचक, जाँच सूची, प्रश्नावली, सर्वेक्षण फाराम, प्रतिवेदन फाराम आदिको विकास र प्रयोग निम्ति छलफल, परामर्श र समन्वय गर्ने तथा सो का निम्ति टोली नेतालाई सल्लाह प्रदान गर्ने र सघाउने।<br>• सर्वेक्षण र अध्ययनवाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुको विश्लेषण गर्ने र खासस्व योजनामा आवश्यक input प्रदान गर्दे ।<br>• टोली नेतालाई खासस्व योजना लेखन कार्य तथा समग्र खासस्व योजना तर्जुमा प्रक्रियामा सघाउने । |
| ३. | तथ्यांक विश्लेषक/१ जना | ICT वा कम्प्युटर इन्जिनियरिंग विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरि वास क्षेत्रको तथ्यांक विश्लेषण/अनुगमनमा कम्तिमा ५ बर्ष अनुभव भएको | • समग्र खासस्व योजना तर्जुमा प्रक्रियामा आवश्यक पर्ने तथ्याङ्क तथा सूचनाहरुको आवश्यक प्रविष्टिकरण, भण्डारण, व्यवस्थापन, प्रशोधन, तालिकिकरण र विश्लेषण गर्ने ।<br>• फिल्ड स्तरमा तथ्याङ्क तथा सूचना संकलनमा रहेका सर्वेक्षक वा गणकहरुसंग निकट संपर्क तथा समन्वयमा रहि तथ्याङ्क संकलन कार्यमा सघाउने, मार्गदर्शन गर्ने । |
| ४. | तथ्यांक संकलक<br>-प्राबिधिक- ४ जना<br>-सामाजिक- ४ | कम्तिमा १२ कक्षा उतिर्ण गरि अनलाइन तथ्यांक संकलनमा ५ बर्ष अनुभव वा NWASH तथ्यांक संकलन सम्बन्धि पुर्ब अनुभव | • खासस्व योजना तर्जुमा प्रक्रियामा उल्लेख भएअनुसार फिल्ड स्तरमा तथ्याङ्क तथा सूचना संकलन गर्ने । |

नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | जना | भएको | • खासस्व योजना तर्जुमा निर्देशिकाले मार्गदर्शन गरे अनुसार हरेक आयोजना भ्रमण गरि सम्वन्धितहरुसंग छलफल र परामर्श गरेर निर्णय भएअनुसारको तथ्याङ्क संकलन विधि प्रयोग गरि आवश्यक सर्वेक्षण, अध्ययन गर्ने ।<br>• NWASH Application Tools प्रयोग तथा संचालनमा आवश्यक दक्षता प्राप्त गरि हरेक तथ्याङ्क तथा सूचनाहरुको पूर्णता र शुद्धता (Completeness and Accuracy) को यकिन गर्ने र सोही अनुसार तथ्याङ्क संकलन गर्ने ।<br>• संकलित तथ्याङ्क तथा सूचनाहरुको प्रमाणिकता र विश्वसनियता (Validity and Reliability) कायम गर्ने ।<br>• संकलित तथ्याङ्क तथा सूचनाहरुको गोपनियता कायम गर्ने र सम्वन्धित उत्तरदाता लाई सो वारे विश्वस्त वनाउने ।<br>• सम्वन्धित पालिका, टोली नेता, टिमका अन्य सहकर्मीहरु, पालिका स्तरीयकार्यदल, संपर्क व्यक्ति, वडा तथा समुदाय स्तरका जनप्रतिनिधि, सरोकारवाला आदि सवैसंग समन्वय गरि काम गर्ने । |

गाउँपालिका कार्यपालिकाको कार्यालय जुब्दी, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

१०. मुल्यांकनका आधारहरु (मापदण्ड)

| क.स. | विवरण | संख्या | कूल पूर्णाक | कैफियत |
|---|---|---|---|---|
| परामर्शदाता कम्पनीको सम्बन्धित क्षेत्रको अनुभव | | | | |
| १. | बिगतमा खा.स.स्व. योजना तयार गरेको अनुभव ( प्रति वास योजना निर्माणको ३ अंकका दरले अधिकतम ५ वटा गणना गरिने छ) | ५ वटा | १५ | |
| २. | बिधि प्रक्रियामा स्पष्टता र कार्ययोजना/तालिका | | ४० | |
| | *वास योजना निर्माणको उदेश्य र कार्य दयरामा स्पष्टता* | | १० | |
| | *तथ्यांक संकलन बिधि प्रक्रियामा स्पष्टता* | | १० | |
| | *बिस्तृत कार्ययोजना र स्पष्टता* | | १० | |
| | *परिचालन हुने टोलीमा समबेशिता* | | १० | |
| ३. | वास योजना निर्माणमा परिचालन गरिने कर्मचारीहरुको बांछित योग्यता र अनुभव | | ४० | |
| | टिमलिडर (१ जना) : *इन्जिनियरिंग/समाजशास्त्र/ग्रामिण विकास वा विकास व्यबस्थापन/वातावरण विषयमा स्नातकोत्तर तह उतिर्ण गरि कम्तिमा ५ बर्ष वा स्नातक तह उत्तीर्ण गरि वास क्षेत्रमा कम्तिमा ७ बर्ष अनुभव र वास योजना निर्माण गरेको अनुभव भएको* | | १० | |
| | वास संयोजक-१ जना *इन्जिनियरिंग/समाजशास्त्र/ग्रामिण विकास वा विकास व्यबस्थापन/वातावरण विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरि वास क्षेत्रमा कम्तिमा ७ वर्ष अनुभव र वास योजना निर्माण गरेको अनुभव भएको* | | १० | |
| | तथ्यांक विश्लेषक-१ जना *ICT वा कम्प्युटर इन्जिनियरिंग विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरि वास क्षेत्रको तथ्यांक विश्लेषण/अनुगमनमा कम्तिमा ५ वर्ष अनुभव भएको* | | १० | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | तथ्यांक संकलक ( आवश्यक संख्या)<br>*कम्तिमा १२ कक्षा उतिर्ण गरि अनलाइन तथ्यांक संकलनमा ५ वर्ष अनुभव वा NWASH तथ्यांक संकलन सम्बन्धि पुर्व अनुभव भएको* | | १० | |
| ४ | वास प्लान निमार्ण सम्बन्धि प्रबिधि, सीप र ज्ञान हस्तान्तरण | | ५ | |
| | प्राबिधिक प्रस्तावनाको जम्मा : | | १०० | |

नोटः प्राप्त प्रस्तावनाहरुको मुल्यांकन निम्न अनुसार गरिने छ

क. प्राबिधिक प्रस्तावनाको जम्मा : ८०%

ख. आर्थिक प्रस्तावनाको जम्मा : २०%

## ११. कार्य अवधिः

यस पालिकाको वास प्लान निर्माणका लागी अनुमानित ३ महिना १५ दिन (२०८१ चैत्र देखि २०८२ असार १५) को समय लाग्ने छ ।

## १२. कार्यप्रगतिको अनुगमन तथा सुपरिबेक्षणः

यस पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना निर्माण अवधिमा नियमित रुपमा कार्यप्रगतिको अनुगमन तथा सुपरिबेक्षण गरिने छ । त्यसका लागि पालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत-१ जना र वास सम्पर्क व्यक्ति-१ जना सहित सम्बन्धित परामर्शदाता कम्पनीको तर्फबाट टीम लिडर समेत रहने छन्। उक्त टोलीको प्रत्येक महिना बैठक बस्नेछ र कार्यप्रगति समिक्षा गरिनेछ।

खासस्व योजना तर्जुमा प्रक्रियामा संकलन गरिने मौजुदा तथ्याङ्क र सूचनाहरु सबै प्रविधियुक्त विधि र औजारहरु NWASH Apps (Mobile to Web Tool) प्रयोग गरी संकलन गरिन्छ । NWASH Software System को Mobile मा In-built Apps हरुको माध्यमबाट सबै संकलित तथ्याङ्क र सूचनाहरु प्रतिवेदनको रुपमा प्राप्त गरिने र हरेक सूचनाहरु तथा तथ्याङ्कहरुमा त्यस स्थलको, GPS Location सहित फोटो र अन्य जानकारीहरु समावेश भएको हुनुपर्ने हुदा फिल्डमा भई रहेका क्रियाकलापहरुको अनुगमन पालिकाका वास फोकल व्यक्तिले NWASH system बाट नियमित गर्ने र आवस्यक सुझाबहरु परामर्शदातालाई प्रदान गर्ने छन् । त्यसैगरी पालिकास्तरीय कार्यसाला गोष्ठीहरुमा गुणस्तरीय वास योजना निर्माणका लागी पालिकाले आवस्यक सल्लाह प्रदान गर्ने छ ।

१३. विभिन्न पक्षको भूमिका र जिम्मेवारी

(क) सुदूरपश्चिम प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय

- मोबाइल एप्लिकेसनमा आधारित तथ्याङ्क सङ्कलनको लागि गणकहरूलाई तालिम दिने ।
- पालिकासंग भएको समझदारी अनुरुप आर्थिक निकासा गर्ने ।
- प्रोफाइल सिर्जना गर्दा कुनै पनि जटिलताहरू देखिएमा भर्चुअल र भौतिकरूपमा सहयोग प्रदान गर्ने ।

(ख) जगन्नाथ गाउँपालिका

- पालिकास्तरमा अनलाइन वा अफलाइनमा NWASH प्लेटफर्ममा पहुँच प्रदान गर्नेको लागी नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभाग संग आवस्यक समन्वय गर्ने ।
- वास योजना तर्जुमाका लागि परामर्शदाता छनोट तथा परिचालन गर्ने ।
- पालिकास्तरीय वास योजना कार्यदल गठन गर्ने, वास फोकल पर्सन तोक्ने ।
- वास योजना तर्जुमा सम्बन्धी पालिकास्तरमाकार्य योजना तयार गर्ने ।
- बस्ती वा टोलस्तरीय तथ्याङ्क संकलनको व्यवस्था मिलाउने ।
- पालिकास्तरमा संचालन गर्ने कार्यशाला गोष्ठीका लागि सहजीकरण गर्ने ।
- वित्तीय व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयनको कार्यको अगुवाइ गर्ने र आवश्यकता अनुसार विषयगत टोलीहरूबाट सहयोग लिने व्यवस्था मिलाउने ।
- आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- वासयोजना तयार भइसकेपछि पालिकाबाट सोही अनुसार कार्यान्वयन गर्ने ।

(ग) परामर्शदाता

- वास प्लान निर्माणको लागी पूर्णरुपमा संघिय खानेपानी मन्त्रालयले तयार गरेको एनवास मोबाइल एप्लिकेसनको प्रयोग गरी तथ्यांक संकलन गर्ने ।
- दक्ष जनशक्तिको व्यवस्था गरी परिचालन गर्ने ।
- बस्ती वा टोलस्तरीय तथ्याङ्क संकलनको व्यवस्था मिलाउने ।
- सर्वेक्षणबाट आएको तथ्याङ्कहरूको प्रारम्भिक विश्लेषण गर्ने ।
- प्रमाणीकरण गोष्ठीमा थप सूचना आवश्यक भएको महशुस भएमा सो संकलन गर्ने ।
- पालिका तथा वडास्तरीय बैठकका लागि समन्वय, संचालन तथा सहजीकरण गर्ने ।
- वास योजना प्राथमिकीकरण गरी पालिका वास योजनालाई अन्तिम रूप दिने ।

१४. प्रस्तावनामा समाबेश हुनुपर्ने विषयवस्तुहरु

यस पालिकामा सूचिकृत भएका र सम्बन्धित क्षेत्रमा कार्यानुभव भएका ईच्छुक परामर्शदाता कम्पनी/संस्थाहरुबाट सिलबन्दी कोटेशन मार्फत प्राविधिक तथा आर्थिक प्रस्तावना माग

गरिने छ। उक्त प्रस्तावना पेशगर्दा निम्न अनुसारका बुँदाहरुको आधारमा गर्नुपर्ने छ। प्रस्तावना नपाली भाषामा तयार गरी पेश गर्नुपर्ने र प्रस्तावाना पत्र तल उल्लेख गरिएका बुदाहरु समेटिएको हुनु पर्नेछ ।

- वास योजना तर्जुमाको पृष्ठभूमि,
- परामर्शदाता कम्पनी/संस्थाको बिगतको कार्य अनुभव,
- उद्धेश्य,
- वास योजना निर्माणका बिधि प्रक्रिया र चरणहरु,
- संचालन गरिने मुख्य क्रियाकलापहरु,
- क्रियाकलापहरु संचालन समय-तालिका,
- परिचालन गरिने मानव-श्रोत विवरण (अध्यावधिक गरिएको व्यक्तिगत विवरण (CV), कार्य अनुभव प्रमाणित हुने प्रमाण-पत्रहरु आदि) र
- आर्थिक प्रस्तावना (छुट्टै अलग खाममा पेशगर्ने)– जसमा शिर्षक अनुसार बिस्तृत बजेट विवरण खुलेको हुनुपर्ने र नेपाल सरकारको नियमानुसारको कर प्रस्तावित बजेट भित्रै समाबेश गर्नुपर्ने छ।

## १५. प्रतिवेदन

यस पालिकाको वास प्लान (खासस्व योजना) को खाका निम्न अनुरुप ८ वटा अध्यायहरुमा विभाजन गरेर तयार गर्नु पर्ने हुन्छ।

कार्यकारी सारांश

अध्याय १: खासस्व योजनाको परिचय,

अध्याय २: पालिकाको वस्तुगत विवरण,

अध्याय ३: खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति

अध्याय ४: खानेपानी, सरसफाइ तथा स्वच्छता लक्ष्य, योजना तथा रणनीति

अध्याय ५: खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कार्ययोजना

अध्याय ६: श्रोत विश्लेषण

अध्याय ७: संस्थागत संरचना र क्षमता अभिवृद्धि

अध्याय ८: खासस्व कार्यान्वयन र अनुगमन

## १६. बजेट तथा भुक्तानी प्रक्रिया

यस पालिकाले परामर्शदाता कम्पनी/संस्थालाई खा.स.स्व. योजना निर्माण वाफतको परामर्श सेवा रकम भुक्तानी प्रकृया देहाय बमोजिम गर्नेछ।

| किस्ता | रकम | संलग्न गर्नुपर्ने कागजातहरु | कैफियत |
|---|---|---|---|
| पहिलो किस्ता | कूल सम्झौता रकमको ४०% | - प्रारम्भिक प्रतिवेदन ( बिस्तृत फिल्ड कार्यप्रतिवेदन, परिचालित कर्मचारीहरुको नामावली,)<br>- पहिलो किस्ता माग गरेको निबेदन पत्र<br>- बिजक बिल | सम्झौता भएको १ हप्ता भित्र |
| दोश्रो किस्ता | कूल सम्झौता रकमको ४०% | - तथ्यांक संकलन सम्पन्न गरि सबै वडाको वडास्तरीय तथ्यांक प्रमाणीकरण गोष्ठी सम्पन्न पश्चात<br>- दोश्रो किस्ता माग गरेको निबेदन पत्र<br>- बिजक बिल | |
| तेश्रो किस्ता | कूल सम्झौता रकमको २०% | - खा.स.स्व. योजनाको अन्तिम प्रतिबेदन पालिकामा पेश भए पश्चात | अन्तिम प्रतिवेदन पालिकामा प्राप्त भएको ७ दिन भित्र |